भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. :- (कृषि) २०८२/८३
च.नं.:- १५०४

मितिः- वि.सं. २०८३/०२/१८ गते सोमवार

विषयः- सूचना टाँस गरी जानकारी पठाउने तथा माग संकलन गर्ने सम्बन्धमा ।

श्री ९ नं. वडा कार्यालय,
चुन्वाङ्ग, गैरीगाउँ, रुकुम (पूर्वी भाग),
लुम्बिनी प्रदेश, नेपाल ।

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालयको प्रथम पटक प्रकाशित वर्षे फलफूलको विरुवाहरु वितरण कार्यक्रम माग सम्बन्धी सूचना (७ दिने) त्यहाँ वडा कार्यालयको सूचनापाटीमा टाँस गरी वडाभित्र रहेका कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरुलाई जानकारी गराई सो को जानकारी पठाउनुहुन र इच्छुकवाट कार्यक्रम मागको लागि निवेदनको फाराम/ढाँचा/नमुना वमोजिम माग संकलन गर्नु गराउनुहुन अनुरोध छ ।
साथै उक्त वर्षे फलफूलको विरुवाहरु वितरण कार्यक्रम माग सम्बन्धी सूचनाको पाना २ (दुई) प्रति र कार्यक्रम माग सम्बन्धमा निवेदन-पत्र तथा दोहोरो अनुदान नलिएको स्वःघोषणा-पत्रको फाराम/ढाँचा/नमुना पाना २ (दुई) प्रति यसै पत्रसाथ संलग्न गरी पठाइएको छ ।

.......................
(देब्रि लाल वि.क.)
प्रमुख प्रशासकीय अधिकृत

देविलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल


भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, खाबाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

आर्थिक वर्षः- (कृषि) २०८२/८३
सूचना नं.:-६५

**वर्षे फलफूलको विरुवाहरु वितरण कार्यक्रम माग सम्बन्धी सूचना ।**
**(प्रथम पटक सूचना प्रकाशित मितिः- वि.सं. २०८३/०२/१८ गते सोमवार)**

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सामाजिक तथा आर्थिक विकास शाखा, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल कार्यालयको यस चालु आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कृषि विकास कार्यक्रमहरु अन्तर्गत सञ्चालन तथा कार्यान्वयन हुने संघीय (केन्द्र) सरकारवाट हस्तान्तरित संघ विशेष कृषि विकास सेवा अनुदान, **९ नं. वडामा फलफूल विरुवा खरिद वितरण कार्यक्रम** ५० प्रतिशत अनुदानमा सहभागी भई प्रत्यक्ष लाभ लिन चाहने **भूमे गाउँपालिका, ९ नं. वडा, चुन्वाङ्ग, रुकुम (पूर्वी भाग)भित्रका कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरु**ले तपसिलमा उल्लेखित पेश गर्नुपर्ने आवश्यक कागजातहरु संलग्न गरी **यो सूचना प्रकाशित भएको मितिले ७ दिन (मितिः वि.सं. २०८३/०२/२४ गते आइतवार)भित्र** कार्यालय समयमा भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालय तथा भूमे गाउँपालिका, ९ नं. वडा कार्यालय, गैरीगाउँ, रुकुम (पूर्वी भाग) कार्यालयमा माग गर्नुहुन यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका माग निवेदन फारामहरु छनोटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः
कार्यक्रम माग गर्दा पेश गर्नुपर्ने आवश्यक कागजातहरुः

- कार्यक्रम माग सम्बन्धमा निवेदन फाराम र छाप ।
- कृषक/सञ्चालक/अध्यक्ष/सचिव/कोषाध्यक्ष/व्यवस्थापकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
- सम्बन्धित निकायमा दर्ता तथा नविकरण प्रमाण-पत्रको प्रतिलिपि ।
- स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- गत आर्थिक वर्ष २०८१/८२ को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि
- गत आर्थिक वर्ष २०८१/८२ को अन्तिम लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि ।
- कार्यक्रम सञ्चालनमा सहभागी हुने कृषकको जग्गा धनी दर्ता प्रमाण-पुर्जा र जग्गा/जमिन भाडामा भए कम्तिमा १० वर्षको करार सम्झौता-पत्रको प्रतिलिपि ।
- कार्यक्रम सञ्चालनमा सहभागी हुने कृषकले चालु आर्थिक वर्ष २०८२/८३ को जग्गा/जमिन कर (तिरो) तिरेको रसिदको प्रतिलिपि ।
- कार्यक्रम सञ्चालनमा सहभागी हुने कृषकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
- दोहोरो अनुदान नलिएको स्वःघोषणा-पत्र ।
- समूह/सहकारीको हकमा कार्यक्रम माग सम्बन्धमा निर्णयको प्रतिलिपि ।

| | |
|---|---|
| ........................ | ........................ |
| (मोहन कुमार डाँगी) | (देबि लाल वि.क.) |
| प्राविधिक सहायक | प्रमुख प्रशासकीय अधिकृत |

मोहन कुमार डाँगी
प्राविधिक सहायक

देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्कका लागिः
१. प्राविधिक सहायक- मोहन कुमार डाँगीः- ९८४७८६१३२९
२. कृषि प्राविधिक- विशाल पुन मगरः- ९८६६९०४६५६, ९८१०९४०९९५

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

<u>नोट/पुनश्चः</u>

- <u>व्यक्तिगत कृषकको हकमाः</u> वर्षे फलफूलको विरुवाहरु- सुन्तला कलमी विरुवा र कागती बिजु विरुवा प्रति फलफूलको विरुवाहरु ८-३० वटा/संख्या र
- <u>कृषि फार्म/समूह/सहकारीको हकमाः</u> व्यक्तिगत कृषकको हकमा उल्लेखित वर्षे फलफूलको विरुवाहरुको परिमाण (वटा/संख्या) वा सो भन्दा बढी माग गर्नुपर्नेछ ।
- माग बमोजिम वितरण हुने वर्षे फलफूलको विरुवाहरुको कुल जम्मा रकमको ५० प्रतिशत रकम भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, रुकुम (पूर्वी भाग) कार्यालयले व्यहोर्ने/तिर्ने र बाँकी ५० प्रतिशत रकम लाभग्राही (कृषक/फार्म/समूह/सहकारी)ले व्यहोर्नुपर्ने/तिर्नुपर्नेछ ।
- उल्लेखित वर्षे फलफूलको विरुवाहरु वितरण कार्यक्रम माग गर्नको लागि निवेदन र दोहोरो अनुदान नलिएको स्वःघोषणा-पत्रको फाराम/ढाँचा/नमुना भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालय, भूमे गाउँपालिका, ९ नं. वडा कार्यालय, गैरीगाउँ, रुकुम (पूर्वी भाग) कार्यालय र भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग) कार्यालयको वेबसाइट <u>www.bhumemun.gov.np</u> तथा <u>Facebook page</u> वाट प्राप्त गर्न सकिनेछ ।

मोहन कुमार डाँगी
प्राविधिक सहायक

देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

## ९ नं. वडामा फलफूल विरुवा खरिद वितरण कार्यक्रम ५० प्रतिशत अनुदानमा माग गर्नेको लागि निवेदनको फाराम/ढाँचा/नमूना

मिति:- वि.सं. २०८३/०२/......... गते .........................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
भूमे गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
खाबाङ बगर, रुकुम (पूर्वी भाग),
लुम्बिनी प्रदेश, नेपाल ।

**विषय:- वर्षे फलफूलको विरुवाहरु वितरण कार्यक्रम माग सम्बन्धमा ।**

**महोदय,**

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सामाजिक तथा आर्थिक विकास शाखा, कृषि सेवा केन्द्र, खाबाङ बगंर, रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल कार्यालयको यस चालु आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कृषि विकास कार्यक्रमहरु अन्तर्गत सञ्चालन तथा कार्यान्वयन हुने संघीय (केन्द्र) सरकारवाट हस्तान्तरित संघ विशेष कृषि विकास सेवा अनुदान, **९ नं. वडामा फलफूल विरुवा खरिद वितरण कार्यक्रम ५० प्रतिशत अनुदानमा** सञ्चालन गरी कार्यान्वयन गर्नेको लागि **वर्षे फलफूलको विरुवाहरु वितरण कार्यक्रम माग सम्बन्धी सूचना (७ दिने) मिति:- वि.सं. २०८३/०२/१८ गते सोमवार**को दिन प्रथम पटक प्रकाशित सूचना अनुसार उक्त कार्यक्रम माग गर्नेको लागि पेश गर्नुपर्ने आवश्यक कागजातहरु यसै निवेदनको साथमा संलग्न गरी **तपसिलमा उल्लेखित वर्षे फलफूलको विरुवाहरु उल्लेखित परिमाणमा** उपलब्ध गराईदिनुहुन् भनि यो माग निवेदन फाराम श्रीमान् समक्ष पेश गर्दछु/गर्दछौ । श्रीमानको जो आदेश,

**तपसिल:**

| क्र.सं. | वर्षे फलफूल विरुवाहरुको नाम | विरुवाको किसिम | माग गरिएको परिमाण/एकाई (वटा/संख्या) | कैफियत |
|---|---|---|---|---|
| १. | सुन्तला | कलमी | | |
| २. | कागती | बिंजु | | |

**निवेदक:**

हस्ताक्षर/दस्तखत:-
कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लि.को सञ्चालक/अध्यक्ष/
सचिव/कोषाध्यक्ष/व्यवस्थापकको नामथर:- श्री
कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लि.को
नाम:- श्री
स्थायी ठेगाना:-
सम्पर्क नंम्बर:-
कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लि.को छाप:-

# आयोजना/कार्यक्रमको दोहोरो अनुदान नलिएको स्वःघोषणा-पत्र

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
भूमे गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग),
लुम्बिनी प्रदेश, नेपाल ।

यस भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालयको यस चालु आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कृषि विकास सेवा आयोजना/कार्यक्रम बमोजिम नेपाल सरकार/प्रदेश सरकार/स्थानीय सरकार/अन्य निकायबाट प्रदान/उपलब्ध गरिने कृषि अनुदान रकम/सामग्री/यन्त्र/उपकरण/औजार/अन्य वस्तु लिन इच्छुक रहेकोले दोहोरो पर्ने गरी नेपाल सरकार/प्रदेश सरकार/स्थानीय सरकार/अन्य निकायबाट प्रदान/उपलब्ध गरिएको रकम/सामग्री/यन्त्र/उपकरण/औजार/अन्य वस्तु मैले/हामीले/मेरो/हाम्रो एकाघरको परिवारले नलिएको स्वःघोषणा गर्दछु । यदि मैले/हामीले लिएको प्रमाणित भएमा मेरो/हाम्रो व्यक्ति/कृषक/कृषि फार्म/समूह/सहकारीको सम्पत्तिबाट नियमानुसार ब्यक्तिगत/संस्थागत रुपमा असुल उपर सरह असुल भएमा मेरो/हाम्रो कुनै दाबीविरोध रहने छैन ।

हस्ताक्षर/दस्तखतः-
नामथरः- श्री
पदः-

कृषक/कृषि फार्म/समूह/सहकारीको नामः- श्री
स्थायी ठेगानाः-
सम्पर्क नं.ः-
मितिः- वि.सं. २०८३/०२/........ गते .....................
कृषक/कृषि फार्म/समूह/सहकारीको छापः-